"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार"

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

An ISO 9001: 2015 Certified Academy

नदीपुर, पोखरा, गण्डकी प्रदेश, नेपाल

quality austria SYSTEM CERTIFIED ISO 9001:2015 No.27757/0

MEMBER OF IQNET CERTIFIED MANAGEMENT SYSTEM

चौमासिक बुलेटिन | वर्ष ४ | अङ्क २ | (२०८० मंसिर - फागुन)

## यस अङ्कमा........


- स्थानीय आर्थिक विकास सम्बन्धी संवाद
- न्यायीक समिति संयोजकहरूका लागि तालिम
- सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिम
- जिसस पदाधिकारीको कार्यसम्पादन सम्बन्धी तालिम
- कर्मचारीका लागि क्षमता विकास तालिम


## स्थानीय आर्थिक विकास सम्बन्धी संवाद

स्थानीय तहहरूबीच स्थानीय आर्थिक विकासको मोडेलको बारेमा गत फागुन १७ गते संवाद कार्यक्रम सम्पन्न भएको छ । प्रदेशका सबै ८५ स्थानीय तहहरूलाई लक्षित गरी आयोजना गरिएको उक्त कार्यक्रम दिगो विकास र आर्थिक समृद्धि हासिल गर्न प्रदेश तथा स्थानीय तहहरूले वैकल्पिक एवम् एकिकृत विकासको मोडेलको विषयमा गहन रूपमा बहस गरी स्थानीय आवश्यकता, क्षमता र उपलब्ध स्रोतसाधनको परिचालनमार्फत् तुलनात्मक लाभ एवम् स्थानीय विशिष्टतालाई मध्यनजर गरी उत्पादन, रोजगारी, उत्पादकत्व र सामाजिक-आर्थिक विकासको रणनैतिक ढाँचाको रूपमा स्थानीय आर्थिक विकासलाई अभ्यासमा लैजान स्थानीय तहहरूलाई जागरुक बनाउने उद्देश्यले आयोजना गरिएको थियो ।




कार्यक्रममा स्थानीय आर्थिक विकासको अवधारणा, आवश्यकता र औचित्य एवम् संघीयताको सन्दर्भमा सन्तुलित, समावेशी एवम् एकीकृत विकासको यस मोडेललाई स्थानीयकरण गर्ने सन्दर्भमा कार्यपत्र प्रस्तुत गरिएको थियो भने गण्डकी प्रदेशमा स्थानीय आर्थिक विकास सम्बन्धी भए-गरेका अभ्यास, चुनौति र सम्भावनाको सवालमा प्रतिष्ठानबाट गत आर्थिक वर्षमा गरिएको अध्ययनको नतिजा प्रस्तुतीकरण भएको थियो । स्थानीय आर्थिक विकासको अवधारणा, अन्तर्राष्ट्रिय अभ्यास र नेपालमा यसको सम्भावना, गण्डकी प्रदेशका स्थानीय तहहरूमा यस मोडेलका बारेमा बुझाइ, अभ्यास र संभावनाका बारेमा भएको अध्ययनको नतिजा र यस मोडेललाई अगाडि बढाउन स्थानीय तहले संस्थागत ढङ्गले खेल्नुपर्ने भूमिका बारेमा प्रस्तुतीकरण तथा सहभागीहरू बीच छलफल भएको थियो ।

गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रमको उद्घाटन भएको थियो । उद्घाटन सत्रमा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा.कृष्णचन्द्र देवकोटा, प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेत र आयोगका सदस्य डा. सुवास अधिकारीको उपस्थिति रहेको थियो । कार्यक्रमको समापनमा नगरपालिका महासंघका तर्फबाट व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपाने र गाउँपालिका महासंघ गण्डकीका अध्यक्ष एवम् रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले आफ्नो मन्तव्य राखेका थिए । नेपाल सरकारका पूर्व सचिव डा. गोपीकृष्ण खनाल र त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. संजीव हुमागाईंबाट कार्यपत्र प्रस्तुति र सत्र सहजीकरण भएको थियो ।




## न्यायीक समिति संयोजकहरूका लागि तालिम

गण्डकी प्रदेशका सबै स्थानीय तहका न्यायिक समितिका संयोजक उपप्रमुख/उपाध्यक्षहरूका लागि स्थानीय तहमा न्यायीक कार्यसम्पादन तथा सामुदायिक मेलमिलाप सम्बन्धी अन्तरक्रिया गत माघ १७ र १८ गते पोखरामा सम्पन्न भयो । स्थानीय तहको न्याय सम्पादनलाई प्रभावकारी जनमुखी, सहज, सरल र व्यवहारिक बनाउने चुनौति तथा समाधानका उपाय बारे प्रशिक्षित गर्ने उद्देश्यले यस कार्यक्रमको आयोजना गरिएको थियो ।



प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षता तथा पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जु देवी गुरुङको प्रमुख आतिथ्यतामा शुभारम्भ भएको उक्त कार्यक्रमको सहजीकरण नेपाल सरकारका पूर्वसचिव संविधानविद् तथा प्रशासनविद् काशीराज दाहालले गरेका थिए । कार्यक्रममा स्थानीय तहका ७० जना न्यायीक समिति संयोजक (उपप्रमुख/उपाध्यक्ष)हरूको सहभागिता रहेको थियो, जसमध्ये ५१ जना महिला र १९ जना पुरुष जनप्रतिनिधिहरू रहेका थिए ।

## सहायकस्तर कर्मचारीका लागि सेवाकालीन तालिम

गण्डकी प्रदेशमा कार्यरत संघ, प्रदेश र स्थानीय तहका सहायकस्तर (चौथो, पाँचौं तह र रा.प.अनं. प्रथम एवम् द्वितीय) का कर्मचारीका लागि ३०-कार्यदिने सेवाकालीन तालिम गत मङ्सिर ११ गतेदेखि पौष १८ गतेसम्म सञ्चालन भएको थियो । तालिममा सार्वजनिक प्रशासन, सुशासन, व्यवस्थापन, सार्वजनिक वित्त, विकास योजना, संघीयता, स्थानीय तह, समसामयीक सवाल तथा प्राविधिक विषय समेत समावेश भएको जम्मा १० वटा विषयगत मोड्युलहरूमा आधारित १२० सत्र (८८ वटा सैद्धान्तिक र ३२ वटा प्रयोगात्मक सत्र) तथा १८० घण्टाको तालिम पाठ्यक्रममा आधारित रहेर सञ्चालन गरिएको थियो । आन्तरिक मूल्याङ्कन एवम् सिकाइ (लिखित) परीक्षाका साथै संस्थागत विकास कार्ययोजना तयारी र कार्यमूलक अनुसन्धान प्रतिवेदन तयार गर्न लगाई सहभागीहरूको मूल्याङ्कन गरी दीक्षित गरिएको थियो ।



दुई समूहमा सञ्चालित सो तालिमबाट जम्मा ६० जना कर्मचारीहरू दीक्षीत भएका थिए । जसमध्ये ४३ जना पुरुष र १७ जना महिला कर्मचारी थिए । विभिन्न विषयगत क्षेत्रका जम्मा ३९ जना स्रोतव्यक्तिहरू (जसमध्ये ३३ जना पुरुष र ७ जना महिला) बाट उक्त तालिमका सत्र सहजीकरण भएको थियो ।

उक्त तालिमको औपचारिक शुभारम्भ प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डको अध्यक्षता एवम् प्रदेश सरकारका सचिव विनोद बहादुर कुँवरको प्रमुख आतिथ्यतामा भएको थियो भने तालिमको समापन तथा दीक्षान्त पुष १८ गते प्रमुख सचिव लक्ष्मी कुमारी बस्नेतको प्रमुख आतिथ्यतामा सहभागी कर्मचारीलाई प्रमाणपत्र वितरण गरेर सम्पन्न भएको थियो । यो प्रतिष्ठानबाट सञ्चालित सहायकस्तर कर्मचारीको सातौं व्याच हो । प्रतिष्ठानबाट सेवाकालीन तालिम सञ्चालन हुन थालेको यो चौथो वर्ष हो । हालसम्म प्रतिष्ठानबाट १८ वटा (अधिकृतस्तरको ५ र सहायकस्तरको १३) तालिम सम्पन्न भई ५२० जना कर्मचारीहरू दीक्षित भइसकेका छन् ।

## जिसस पदाधिकारीको कार्यसम्पादन व्यवस्थापन सम्बन्धी तालिम

जिल्ला समन्वय समितिका पदाधिकारीहरूको कार्यसञ्चालन व्यवस्थापन तथा सकारात्मक सोच सम्बन्धी एक दिवसीय तालिम गत फागुन १६ गते सम्पन्न भयो । प्रदेशका ११ जिल्लाका जिससलाई आमन्त्रण गरिएको उक्त तालिममा प्रमुख, उप-प्रमुख र जिल्ला समन्वय अधिकारी गरी जम्मा २८ जनाको सहभागिता रहेको थियो । जसमध्ये २३ जना पुरुष र ५ जना महिलाको सहभागिता रहेको थियो । जिसस पदाधिकारीहरूको कार्यसम्पादनको स्तरमा सुधार ल्याउन एवम् सुशासन प्रवर्द्धन गर्न सकारात्मक सोचको विकास गर्ने र त्यसका लागि जीवनकला, जीवन व्यवस्थापन, कार्यसम्पादनका सीपहरू, सुशासन, विकास व्यवस्थापन र सकारात्मक सोच तथा जीवनशैली, स्वाथ्य र आहार-विहार, अनुकरणीय प्रयासको थालनी लगायतका विषयमा अभिमुखीकरण गरिएको थियो ।




डा. राजु अधिकारीबाट सहजीकरण भएको उक्त कार्यक्रमको समापनमा जिसस महासंघ गण्डकी प्रदेश समितिका अध्यक्ष तथा जिसस कास्कीका प्रमुख लिलाधर पौडेल, सहभागीका तर्फबाट जिसस तनहुका प्रमुख शान्तिरमण वाग्ले, जिसस लमजुङका उपप्रमुख बुना कुमारी रिमाल र प्रतिष्ठानका तर्फबाट कार्यकारी निर्देशक ऋषिराम पाण्डेले मन्तव्य राख्नु भएको थियो ।

## LISA र FRA सम्बन्धी फलोअप तथा अन्तरक्रिया

स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) तथा वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को प्रगति बारे फलो-अफ तथा सिकाइका बारे अन्तरक्रिया गत पौष २३ र २४ गते पोखरामा आयोजना भएको थियो । स्थानीय तहमा गरिने यी मूल्याङ्कन पद्धति सम्बन्धी व्यवहारिक एवम् प्राविधिक समस्या, चुनौति र सुधार गर्नुपर्ने विषयहरू पहिचान गरी सुधारका लागि सल्लाह-सुझाव संकलन गर्ने र यस सम्बन्धी स्थानीय तहका अनुभव एवम् सिकाइको आदानप्रदान गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको थियो ।



गण्डकी प्रदेशका सबै स्थानीय तह तथा जिल्ला समन्वय समितिका LISA सम्पर्क व्यक्तिहरूका लागि गत पौष २३ गते आयोजित कार्यक्रममा ७० जना र FRA सम्पर्क व्यक्तिहरूका लागि २४ गते आयोजित कार्यक्रममा ७२ जनाको उपस्थिति रहेको थियो । साथै, कार्यक्रममा समूहगत छलफल गरी LISA र FRA कार्यान्वयनले स्थानीय तहमा भएका सकारात्मक उपलब्धी, मूल्याङ्कन सम्बन्धमा सुधार गर्नुपर्ने विषय साथै सुधारका उपायहरू पहिचान गरिएको थियो ।

# कर्मचारीका लागि क्षमता विकास तालिम

## सार्वजनिक सम्पत्ति व्यवस्थान प्रणाली (PAMS) सम्बन्धी तालिम

प्रदेश सरकारका जिल्लास्थित कार्यालय तथा स्थानीय तहमा जिन्सी शाखाका कर्मचारीहरूका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली सम्बन्धी कम्प्युटर सफ्टवेयर (PAMS) सञ्चालन सम्बन्धी दुई दिने तालिम गत मङ्सिर २१ र २२ गते पोखरामा सञ्चालन भयो । जिल्लास्थित कार्यालय र कास्की, स्याङ्जा, नवलपुर तथा तनहुँका स्थानीय तहहरूका लागि लक्षित उक्त तालिम दुई समूहमा सञ्चालन भएको थियो । तालिममा ४६ जना पुरुष तथा १६ जना महिला गरी जम्मा ६२ जना कर्मचारीहरूको सहभागिता रहेको थियो । प्रदेश लेखा नियन्त्रक कार्यालयसँगको समन्वयमा स्रोतव्यक्तिहरूको व्यवस्था गरिएको थियो ।



तालिममा सार्वजनिक निकायले सार्वजनिक सम्पत्तिको प्रभावकारी व्यवस्थापन, संरक्षण, उचित उपयोग गर्न लेखाङ्कनदेखि निरीक्षण, मिनाहा तथा प्रतिवेदनसम्मको समग्र कार्य विद्युतीय प्रणाली (पाम्स सफ्टवेयर) को प्रयोग गरी प्रभावकारी एवम् त्रुटीरहित ढङ्गले गर्न कानूनी व्यवस्था सम्बन्धी जानकारीका साथै व्यवहारिक ज्ञान एवम् सीप अभिबृद्धिमा जोड दिइएको थियो । तालिम पश्चात् सम्बन्धित कार्यालय/स्थानीय तहमा पाम्स सफ्टवेयर प्रयोगमा आई सार्वजनिक सम्पत्ति व्यवस्थापनमा सुधार आउने र सेवाप्रवाहमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## मन्त्रिपरिषद्मा पेश गर्ने प्रस्ताव लेखन सम्बन्धी तालिम

प्रदेश सरकारका सबै मन्त्रालयका महाशाखामा कार्यरत अधिकृतस्तरका कर्मचारीहरूका लागि मन्त्रिपरिषद्मा पेश गरिने प्रस्ताव लेखन सम्बन्धी दुई दिने तालिम माघ १८ र १९ गते पोखरामा सम्पन्न भयो । मन्त्रिपरिषद्मा नीतिगत तथा कार्यक्रमगत निर्णयका लागि तयार गर्नुपर्ने प्रस्ताव लेखन सम्बन्धी सैद्धान्तिक, प्राविधिक र व्यवहारिक पक्षका बारेमा सहभागीहरूलाई प्रशिक्षित गरिएको थियो । तालिममा प्रस्ताव लेखन सम्बन्धी तीतिगत व्यवस्था, प्रस्तावको ढाँचा, प्रकृया, प्रस्ताव स्वीकृति पश्चात् कार्यान्वयन र सोको अनुगमन लगायतका विषयहरू समावेश गरिएको थियो । विभिन्न विषयहरूमा सहभागीहरूलाई प्रस्तावको मस्यौदा तयार गर्न लगाई सहजकर्ताबाट पृष्ठपोषण दिइएको थियो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का प्रमुख सचिव लक्ष्मी कुमारी बस्नेत, सचिव शम्भु प्रसाद रेग्मी लगायतबाट तालिमको सत्र सहजीकरण भएको थियो । उक्त तालिममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य मन्त्रालयका जम्मा २५ जना अधिकृतस्तरका कर्मचारीहरूको सहभागिता रहेको थियो, जसमध्ये १७ जना पुरुष र ८ जना महिला कर्मचारीहरू रहेका थिए ।

## इ-बिडिङ (विद्युतीय बोलपत्र) सम्बन्धी तालिम

प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय तथा मातहतका कार्यालयमा विद्युतीय-बोलपत्र सम्बन्धी काम गर्ने कर्मचारीका लागि तीन दिने तालिम पोखरामा सम्पन्न भयो । गत माघ २४ देखि २६ गतेसम्म दुई समूहमा सञ्चालित उक्त तालिममा मन्त्रालय, निर्देशनालय सहित जिल्लास्थित कार्यालय गरी ४८ वटा कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको थियो । विशेषगरी सिभिल इन्जिनियरिङ सेवाका कर्मचारीहरूलाई लक्षित गरिएको सो कार्यक्रममा जम्मा ४८ जनामध्ये ४० जना पुरुष र ८ जना महिला कर्मचारीको सहभागिता रहेको थियो ।




पोखरा महानगरपालिका, प्रदेशका सबै नगरपालिका, मनाङ, मुस्ताङ र तनहुँका गाउँपालिका सहित ३३ स्थानीय तहको लागि सोही तालिम माघ २६ देखि २८ गते सञ्चालन भयो । तालिममा सहभागी ३३ जनामध्ये २९ जना पुरुष र ४ जना महिला कर्मचारी रहेका थिए । सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौंसँगको समन्वयमा सहजकर्ताको व्यवस्था गरिएको थियो ।

## वित्तीय अनुशासन तथा बेरूजू फर्छ्यौट सम्बन्धी तालिम

प्रदेश सरकारका जिल्ला स्थित कार्यालयका प्रमुखहरुका लागि वित्तीय अनुशासन तथा बेरुजू फछ्र्यौट सम्बन्धी दुई दिवसीय तालिम गत माघ १५ र १६ गते पोखरामा सञ्चालन भयो । तालिममा वित्तीय अनुशासनको अवधारणा र आवश्यकता, वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता, आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व सम्बन्धी नीतिगत तथा कानूनी प्रावधान, आर्थिक कार्यप्रणालीमा सुधारका क्षेत्रहरू, आन्तरिक नियन्त्रण प्रणाली, बेरुजु फछ्र्यौटका विधि, प्रक्रिया तथा वित्तीय सुशासन, आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न एवम् बेरुजु फछ्र्यौटमा कार्यालय प्रमुखको भूमिका जस्ता विषयहरू समेटिएको थियो ।



दुई समूहमा सञ्चालित उक्त तालिममा जम्मा ६३ वटा कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो, जसमध्ये ६१ जना पुरुष र २ जना महिला कर्मचारीहरू रहेका थिए ।

## सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम

गण्डकी प्रदेश अन्तर्गतका सबै स्थानीय तहका वडा सचिव (स्थानीय पञ्जिकाधिकारी)लाई सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धमा प्रशिक्षित गर्ने प्रतिष्ठानको लक्ष्य अनुसार चालु आर्थिक वर्षको दोस्रो चरणमा गत माघ २९ देखि फागुन ३ गतेसम्म जम्मा ४ समूहमा तालिम सञ्चालन भएको थियो । दुई दिने उक्त तालिममा मनाङ, म्याग्दी, स्याङ्जा र कास्कीका ७ वटा स्थानीय तहका जम्मा ११४ वडाका सचिवहरूको सहभागिता रहेको थियो । कुल सहभागीमध्ये ८९ जना पुरुष र २५ जना महिला वडा सचिवहरू रहेका थिए ।




गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागका सहजकर्ताहरूबाट सहजीकरण गरिएको उक्त तालिममा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी कानूनी व्यवस्था, विद्युतीय व्यवस्थापन प्रणाली, कानूनी, प्राविधिक तथा व्यवहारिक समस्या एवम् सवालको सन्दर्भमा छलफल गरिएको थियो । तालिमबाट व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली सम्बन्धी सेवाप्रवाहमा प्रभावकारिता आउने विश्वास गरिएको छ ।

## लैङ्गिक उत्तरदायी बजेट तर्जुमा सम्बन्धी तालिम

प्रदेश सरकारका जिल्लास्थित कार्यालयका लैससास सम्पर्कव्यक्तिका लागि लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी दुई दिवसीय तालिम गत फागुन १४ र १५ गते पोखरामा सम्पन्न भयो । तालिममा लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी नेपालको नीतिगत व्यवस्था, हालसम्म भएका प्रयास, अहिलेको आवश्यकता र औचित्य, प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ मा भएका व्यवस्थाहरू, प्रदेश सरकारका वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियामा लैङ्गिक उत्तरदायी बजेट एकीकरण, विद्यमान चुनौति र सुधारका उपाय लगायतका विषयहरू समावेश गरिएको थियो ।



महिला, किशोरी र बालिकाका साथसाथै सीमान्तकृत वर्ग, समुदाय र उमेरसमूहका लागि समेत लक्षित गरी विकास कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न सकियोस् भन्ने उद्देश्यले आयोजित यस तालिममा प्रदेशका सबै ११ जिल्लाका ५२ वटा कार्यालयबाट एक-एक जनाको सहभागिता रहेको थियो । जसमध्ये २४ जना महिला र २८ जना पुरुष रहेका थिए ।

## मध्यमकालीन खर्च संरचना सम्बन्धी तालिम

स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र योजना शाखा प्रमुखलाई मध्यमकालीन खर्च संरचना सम्बन्धी तीन दिवसीय तालिम गत माघ १५ देखि १७ गतेसम्म पोखरामा सम्पन्न भयो । आवधिक विकास योजना र वार्षिक विकास कार्यक्रमलाई जोड्ने औजारको रुपमा कानूनी व्यवस्था भए अनुरुप सबै स्थानीय तहहरूले हरेक वर्ष बजेट निर्माण गर्दा तयार गर्नुपर्ने मध्यमकालीन खर्च संरचना तयार गर्न स्थानीय तहलाई नै सक्षम बनाउने उद्देश्यले प्रतिष्ठानले यो तालिमको आयोजना गरेको हो ।



मध्यमकालीन खर्च संरचनाको अवधारणा, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान र बजेटको आकार निर्धारण, बजेट सीमा निर्धारण तथा मार्गदर्शन तयारी, आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण तयार, आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण, खर्च अनुमान र साङ्केतीकरण, उपक्षेत्रगत खर्च अनुमान र श्रोत बाँडफाँट, नतिजा खाका तयारी, समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका तयारी, एकीकृत साङ्केतीकरण, खर्च अनुमान र खर्चको बाँडफाँट लगायतका विषयमा तालिम प्रदान गरिएको थियो । दुई समूहमा सञ्चालित उक्त तालिममा जम्मा ५५ जनाको सहभागिता रहेको थियो, जसमध्ये ४९ जना पुरुष र ६ जना महिला कर्मचारीहरू रहेका थिए ।

## लैससास परीक्षण सम्बन्धी प्रशिक्षक प्रशिक्षण

स्थानीय तहका लैससास सम्पर्कव्यक्तिका लागि लैससास परीक्षण सम्बन्धी दुई दिवसीय प्रशिक्षक प्रशिक्षण गत माघ २२ देखि २५ गतेसम्म पोखरामा आयोजना भएको थियो । स्थानीय तहले प्रत्येक वर्ष आफ्नो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम सम्बन्धित स्थानीय तहरूमा यस परीक्षणको सहजीकरण गर्ने जनशक्ति तयार गर्ने उद्देश्यानुरुप प्रतिष्ठानले उक्त प्रशिक्षक प्रशिक्षणको आयोजना गरेको हो । तालिममा लैससास परीक्षणको अवधारण, आवश्यकता, औचित्य, विधि, प्रकृया, परीक्षण सहजीकरण, प्रतिवेदन तथा परीक्षणको नतिजाको आधारमा सुधार कार्ययोजनाको तयारीसम्मका विषयहरू समेटिएको थियो ।



प्रदेशका सबै स्थानीय तहका लागि लक्षित गरी तीन समूहमा सञ्चालित सो तालिममा ७० स्थानीय तहको सहभागिता रहेको थियो । कुल ७० सहभागीहरूमध्ये ५१ जना महिला र १९ जना पुरुष कर्मचारी सहभागी थिए ।

**विस्तृत जानकारीका लागि:**
फोन: +९७७-६१-५७१०८०, ५७०१४६ | इमेल: academy.gandaki@gmail.com | वेभसाइट: www.gpta.gandaki.gov.np